नेपाल सरकार
गृह मन्त्रालय

# राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभाग

(सामाजिक सुरक्षा शाखा)

फोन : ४४११४६१, ४४६४६८६, ४४६२०४३, ४२००८९५
फ्याक्स : ४२०००१८
सिंहदरबार काठमाडौं
Website : www.donidcr.gov.np
E-mail : info@donidcr.gov.np

पत्र संख्या : २०८१/०८२
चलानी नं. : २८

२०८१/०४/०४
ने.सं.११४४

श्री स्थानीय तह सबै (७५३)।

विषय:-सामाजिक सुरक्षा भत्ता प्राप्त गर्न योग्य लाभग्राहीको सूचीकरण तथा नवीकरण सम्बन्धमा ।

प्रस्तुत विषयमा सामाजिक सुरक्षा नियमावली, २०७६ को नियम (९) र सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा (४) अनुसार सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरुले प्रत्येक आर्थिक बर्षको भाद्र मसान्तभित्र सम्बन्धित वडा कार्यालयमा आफैं उपस्थित भई सामाजिक सुरक्षा भत्ता परिचयपत्र नवीकरण गराउनु पर्ने व्यवस्था तथा नेपाल सरकार (म.प.) को मिति २०८१/०३/२४ को निर्णयानुसार २०८१ असार १० गते नेपाल राजपत्र (खण्ड ७४ संख्या १५ भाग ५) मा प्रकाशित सुचना समेतका आधारमा देहाय बमोजिम सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीको सूचीकरण एवम् नवीकरण गर्नुहुन अनुरोध छ ।साथै सामाजिक सुरक्षा भत्ता प्राप्त गरिरहेका लाभग्राहीको नवीकरण छुट नहोस् भन्ने तर्फ सजकता अपनाउँदै २०८१ भाद्र मसान्त सम्म नवीकरण हुने सुनिश्चितता हुनेगरी प्रत्येक स्थानीय तहले आफ्नो कार्यालयको वेवसाईट, सूचना पाटी, सार्वजनिक स्थल, स्थानीय पत्रपत्रिका, एफ.एम. रेडियो लगायतका सञ्चार माध्यमबाट (सम्भव भए सम्म स्थानीय भाषा समेत) मार्फत प्रचार प्रसार गर्ने गराउने व्यवस्था मिलाउन हुन साथै प्रचार प्रसार सामग्री विभागको Website बाट प्राप्त गर्न सकिने व्यहोरा समेत अनुरोध छ ।

**देहाय:**

१. पहिलो चरण (मिति २०८१ श्रावण १ गते ) मा राष्ट्रिय परिचयपत्र लागू हुने २८ जिल्लाका ३३३ स्थानीय तहको हकमा:-

- लाभग्राहीको सूचीकरण तथा नवीकरण गर्दा साविक बमोजिमका प्रमाण (फोटो, जन्म मिति, नाम, नागरिकता नम्बर, जारी जिल्ला, जारी मिति आदि) का अतिरिक्त राष्ट्रिय परिचय नम्बर प्रविष्ट गरी सो आधारमा जैविक पहिचान (Biometric Verification) गरी लाभग्राही एकिन गर्ने ।
- Biometric Verifcation गर्दा हातको कुनै एक औंला (सहजताको आधारमा) बाट Verification सुरू गर्ने, जुन औंलाबाट पहिले जैविक विवरण Verify हुन्छ सोही आधारमा लाभग्राही एकिन गर्ने ।हातको औंलाहरुबाट Verify नभएमा आँखाको नानीबाट Verification गर्ने ।यसबाट पनि एकिन हुन नसकेमा राष्ट्रिय परिचय पत्रमा भएको तस्वीर एवम् अन्य विवरण सामाजिक सुरक्षा भत्ता परिचयपत्रमा भएको विवरणसँग Verification गरी वडा सचिवबाट सो विवरण प्रमाणित गराई लाभग्राही एकिन गरी कैफियत महलमा जनाइ नवीकरण भएको निस्सा प्रदान गर्ने।
- स्थायी ठेगाना रहेको वडा कार्यालयमा राष्ट्रिय परिचय नम्बर प्रविष्ट भईसकेका लाभग्राहीहरुले आफू अस्थायी रुपमा बसोबास गरिरहेको स्थानीय तहमा रहेको सेवा एकाईबाट Biometric Verification गराएकोमा स्थायी ठेगानाको वडा कार्यालयले तत् सम्बन्धी विवरण रूजु भएमा नविकरण प्रकृया पुरा गरि निस्सा दिने ।
- बालबालिका,आफ्नो हेरचाह आँफै गर्न नसक्ने, अशक्त असहाय वा नब्बे बर्ष माथिका ज्येष्ठ नागरिकको हकमा परिचय नम्बर अनिवार्य नभएको तर निजहरुको संरक्षक, स्याहार सुसार गर्ने व्यक्ति वा माथवर व्यक्तिले भने राष्ट्रिय परिचय नम्बर अनिवार्य पेश गर्नुपर्नेछ ।

निर्देशक

नेपाल सरकार
गृह मन्त्रालय
# राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभाग
(सामाजिक सुरक्षा शाखा)
फोन : ४४११५६१, ४४६४६८८, ४४६२०५६, ४२००८५५
फ्याक्स : ४२०००१८
सिंहदरबार काठमाडौं
Website : www.donidcr.gov.np
E-mail : info@donidcr.gov.np
vital@donidcr.gov.np

पत्र संख्या : २०८१/०८२
चलानी नं. :

२. दोस्रो (मिति २०८१ माघ १ गते) र तेस्रो (मिति २०८२ श्रावण १ गते ) चरणमा राष्ट्रिय परिचय नम्बर लागू हुने ४९ जिल्लाका ४२० स्थानीय तहको हकमा :-

- दोस्रो चरणमा मिति २०८१ माघ १ गते देखी ३८ जिल्ला र तेस्रो चरणमा मिति २०८२ श्रावण १ गते देखी ११ जिल्लाका लाभग्राहीहरुलाई राष्ट्रिय परिचय नम्बर अनिवार्य गरेको तर २०८१ भाद्र मसान्त सम्म लाभग्राही परिचयपत्र नवीकरण गर्ने सबै लाभग्राहीले २०८२ असार मसान्त सम्मको भत्ता रकम प्राप्त गर्न सक्ने र अर्को वर्ष नवीकरण गर्ने २०८२ भाद्र मसान्त सम्मको राष्ट्रिय परिचय नम्बर प्राप्त गर्न पर्याप्त समयावधि भएको व्यहोरा लाभग्राहीलाई जानकारी गराउने।
- दोस्रो र तेस्रो चरणमा लागु हुने स्थानीय तहले पहिलो चरणबाट बायोमेट्रिक प्रयोग गर्ने निर्णय गरेको भएमा यस विभागसँग समन्वय गरी शुरू गर्न सकिने छ ।
- नेपाल सरकार (म.प.) को निर्णय अनुसार मिति २०८१ असार १० मा प्रकाशित राजपत्र (संलग्न)बाट विस्तृत जानकारी लिनुहुन ।

निर्देशक

# नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ७४) काठमाडौं, असार १० गते, २०८१ साल (संख्या १५

## भाग ५

## नेपाल सरकार

## गृह मन्त्रालयको

## सूचना

नेपाल सरकारले राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण ऐन, २०७६ को दफा ३ र १० को प्रयोजनका लागि राष्ट्रिय परिचयपत्रको प्रयोग सम्बन्धमा देहायका निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ :-

(क) नेपाल सरकारको स्वामित्वमा रहेका निकाय, संस्था तथा निजी क्षेत्रबाट प्रवाह गरिने सार्वजनिक सेवा सुविधा प्राप्त गर्न वा माग गर्न पेस गर्नुपर्ने नेपाली नागरिकता प्रमाणपत्रको सट्टामा राष्ट्रिय परिचयपत्र वा राष्ट्रिय परिचय नम्बर पेस गरी त्यस्तो सेवा सुविधा प्राप्त गर्न,

अधिकारप्राप्त मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागू हुनेछ।

(ख) नेपाली नागरिकले देहायको सेवा प्रदान गर्न देहायको स्थान देहायको मिति देखि राष्ट्रिय परिचयपत्र अनिवार्य गरी सोको आधारमा सेवा प्रदान गर्ने:-

| सेवा | लागु हुने स्थान | लागु हुने मिति | कैफियत |
|---|---|---|---|
| | झापा, मोरङ, सुनसरी, उदयपुर, सप्तरी, सिराहा, सिन्धुली, धनुषा, महोत्तरी, सर्लाही, काठमाडौं, भक्तपुर, ललितपुर, मकवानपुर रौतहट, बारा, पर्सा, चितवन, कास्की, तनहुँ, रूपन्देही, कपिलवस्तु, दाङ, सुर्खेत, बाँके, बर्दिया, कैलाली, कञ्चनपुर (२८ जिल्लाहरू) | २०८१/४/१ | |
| (क) सामाजिक सुरक्षा सम्बन्धी<br>(ख) स्वास्थ्य बीमा सम्बन्धी<br>(ग) निवृत्तिभरण सम्बन्धी | ताप्लेजुङ, पाँचथर, इलाम, सङ्खुवासभा, तेहथुम, भोजपुर, धनकुटा, खोटाङ, ओखलढुङ्गा, दोलखा, रामेछाप, धादिङ, नुवाकोट, काभ्रेपलाञ्चोक, सिन्धुपाल्चोक, गोरखा, लमजुङ, नवलपरासी (बर्दघाट सुस्ता पूर्व), स्याङ्जा, नवलपरासी (बर्दघाट सुस्ता पश्चिम), गुल्मी, पाल्पा, अर्घाखाँची, म्याग्दी, बागलुङ, पर्वत, रूकुम (पूर्वी भाग), रोल्पा, प्युठान, सल्यान, रूकुम (पश्चिम भाग), जाजरकोट, दैलेख, जुम्ला, अछाम, डोटी, डडेल्धुरा, बैतडी (३८ जिल्लाहरू) | २०८१/१०/१ | बालबालिका, आफ्नो हेरचाह आफैं गर्न नसक्ने, अशक्त, असहाय वा नब्बे वर्ष माथिका ज्येष्ठ नागरिकको हकमा परिचयपत्र नभए तापनि सेवा लिन बाधा पर्ने छैन |
| | सोलुखुम्बु, रसुवा, मनाङ, मुस्ताङ, कालिकोट, मुगु, हुम्ला, डोल्पा, बझाङ, बाजुरा, | २०८२/४/१ | |



(अधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।)

| | दार्चुला (११ जिल्लाहरू) | | |
|---|---|---|---|
| (घ) राजस्व सम्बन्धी (व्यक्तिगत आयकर दर्ता) (ङ) सवारी चालक अनुमतिपत्र सम्बन्धी (च) कम्पनी दर्ता तथा नवीकरण सम्बन्धी | नेपालभर | २०८१/४/१ | |
| (छ) बैङ्किङ तथा वित्तीय सेवा सम्बन्धी (ज) टेलिफोन तथा सिमकार्ड सम्बन्धी (झ) सामाजिक सुरक्षा कोष सम्बन्धी (ञ) घर जग्गा किनबेच सम्बन्धी | | २०८१/१०/१ | |

आज्ञाले,

झक्क प्रसाद आचार्य

नेपाल सरकारको नि. सचिव ।



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित । मूल्य रू.५।–
गो.द.नं. १६।२०६२।६३